

# राम शरण सिम्खडा


उपाध्यक्ष २०२३-२०२५
प्रमुख जिम्मेवारी : एनआरएन कल्याण विभाग
इमेल : vp6@nrna.org
टेलिफोन नम्बर : +44 7950 435 065


## प्रथम त्रैमासिक प्रगति विवरण

- अक्टोबर २१, २०२३
जनवरी ३१, २०२४

## REPORT CARD



कार्यभार ग्रहण : २१ अक्टोबर २०२३

- गैरआवासीय नेपाली संघको १०औं अन्तर्राष्ट्रिय महाधिवेशन तथा विश्व सम्मेलन अक्टोवर १७-२०, २०२३ मा काठमाण्डौमा सम्पन
- प्रत्येक २ वर्षमा संस्थाको नियमित कार्यसुची अनुसार हुने यस महाधिबेशनले डा. बद्री केसीको अध्यक्षतामा कार्य समिति समेत निर्वाचित
- २० अक्टोवर सांझ प्रमुख निर्वाचन आयुक्त लगायत अन्य आयुक्तहरुको समुपस्थितीमा निर्वाचित कार्य समितिको सपथ ग्रहण सम्पन्न
- केन्द्रीय समितिमा निर्वाचित उपाध्यक्षको हैषियतमा म आफुले पनि पद तथा गोपनियताको सपथ ग्रहण





*Thank You!*

निर्वाचनको क्रममा साथ, सहयोग र सदभाव राख्नु हुने सबै प्रति आभार व्यक्त गर्दछु।

## बैठकमा उपस्थिति :

| |
|---|
| 92nd ICC MEETING-21 October, 2023 |
| 93rd ICC MEETING-13 November, 2023 |
| 94th ICC MEETING-26 November, 2023 |
| Informal Meeting- 28 December 2022, 5 PM (Nepal) |
| Department Orientation- 25 November 2023 |
| 2nd IES Meeting - 17 December 2023, 5 PM (Nepal) |
| 3rd IES Meeting - 3 February, 2024 |




सहभागिता : १००%

## बैठकमा उठाएका मुख्य विषयहरू :

१ माल्टामा बिगत लामो समय देखि बसेर माल्टाको राष्ट्रिय क्रिकेट टिममा आफुलाई पार्न सफल हुनुहुने सुरज दराई (पुरुष राष्ट्रिय टीम) र क्रिकेट महिला राष्ट्रिय टीममा ज्योती न्यौपाने (ईशु), सुश्मा दाहाल, प्रतिभा भण्डारी साथै पोर्चुगलबाट नेपाली राष्ट्रिय फुटवल टिममा प्रतिनिधित्व गर्न सफल खेलाडी निशान हमाललाई सम्मान सहित जनही १ लाख नगद पुरस्कार प्रदान गर्ने प्रस्ताव आईसीसी बैठकमा टेबल - प्रस्ताव पारित । जसमा सचिब भिम केसी कमल र आईसीसी सदस्य भुवन अर्यालको बिशेष सहयोग समेत रहेको थियो।

२ पोर्चुगलमा छुरा प्रहारबाट निधन हुनु भएका पर्वत जिल्ला कुस्मा न.पा.-१३ खौलालाँकुरीका स्व. धनबहादुर क्षेत्रीको परिवारलाई सानै भएपनि सहयोग पुगोस् भन्ने हेतुले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले रु २ लाख सहयोगको प्रस्ताव - बैठकबाट पारित र तत्काले हस्तान्तरण सम्पन्न


३ वैदेशिक रोजगारीमा बढ्दै गएको मृत्युमा आर्थिक अवस्था कमजोर भएका व्यातिहरुको शव व्यस्थापनमा व्यवस्थापकीय संगठनिक सहयोग

४ गैरआवासीय नागरिकता अन्यौल समाधान गर्न हेल्प डेस्क खडा गर्ने ।


## एनसीसीहरूसंग साक्षत्कार (भौतिक) उपस्थिति :


बेलायत


माल्टा


चेक रिपब्लिक


पोर्चुगल


नेपाल

## भौतिक रूपमा एनसीसीहरूसंग साक्षात्कार प्रस्ताव/ छलफल र सहभागिता :







गैरआवासीय नेपालीहरु बिचको एकता, अन्तर्राष्ट्रिय महाधिवशेनको समिक्षा र विश्लेषण, रास्वपाका सभापति तथा पुर्व गृहमन्त्रि रवि लामिछानेलाई बेलायतको लण्डनमा भेटी पूर्व गोरखाका समस्या र नेपाल सरकारको भूमिका तथा गैरआवासीय नागरिकता प्राप्तिका झन्झट अनि नागरिकता प्राप्ति पछि प्रयोगमा देखिएका समस्याको ध्यानाकर्षण गराउदै ज्ञापनपत्र बुझाइयो। (१२ डिसेम्बर २०२३)

## माल्टा

(डिसेम्बर २-३, २०२३) एनसीसीहरुको सक्रिय सहभागिता, अन्तर्राष्ट्रिय महाधिवशेनको समिक्षा र विश्लेषण, कन्सुलर सेवा र विविध, आगामी युरोप क्षेत्रीय सम्मेलन










## पोर्चुगल

(डिसेम्बर ९-१२, २०२३) एनसीसीहरुको सक्रिय सहभागिता र एकता, अन्तर्राष्ट्रिय महाधिवशेनको समिक्षा र विश्लेषण, कन्सुलर सेवा र विविध









## चेक गणतन्त्र

(१ जनवरी २०२४) मे २०२३ मा सम्पन्न युरोप क्षेत्रीय सम्मेलनको समिक्षा, आयोजक राष्ट्रको मेहेनतको लागि धन्यवाद ज्ञापन, अन्तर्राष्ट्रिय महाधिवशेन बारेमा उठेका जिज्ञासाहरुको जवाफ।









## फेस टु फेस आईसीसी बैठक र विभागको प्रस्तुती साथै अन्य गतिविधि :

गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद (एनआरएनए) ९५औं पूर्ण बैठक तथा ३ दिने कार्यशाला गोष्ठी हालै चन्द्रागिरिमा सम्पन्न गोष्ठीमा दुई दर्जन देशका ७० भन्दा बढी कार्यसमितिका सदस्य र अन्य पदाधिकारी तथा सदस्यहरुको भौतिक तथा भर्चुअल माध्यमबाट सहभागिता रह्यो ।













संघका अध्यक्ष डा. बद्री केसीको अध्यक्षतामा भएको कार्यशालामा संस्थाका ८ विभागीय प्रमुखहरुद्वारा आ-आफ्ना कार्ययोजना प्रस्तुत गर्नुभयो । उक्त कार्यशालामा नेपालका प्रमुख ६ राजनीतिक दलका नेताहरूसँग एनआरएनए नागरिकता, विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकार, सामाजिक सुरक्षा कोषलगायतका विषयमा छलफल भयो ।

## सेती प्रादेशिक अस्पताललाई अक्सिजन प्लान्ट हस्तान्तरण















## सुदुरपश्चिमका संघिय सांसद, प्रदेश सरकारका मन्त्री एवं सांसद लगायत नागरिक अगुवासंघ अन्तरक्रिया







## लुम्बिनी प्रदेशमा ब्लड बस हस्तान्तरण कार्यक्रम (नेपाल रेडक्रस बांके शाखा - नेपालगंज)













- नेपाल क्रिकेट संघलाई १० लाख रुपैयाँ सहयोग हस्तान्तरण
- नेपाल भलिबल संघलाई ८ लाख रुपैयाँ सहयोग हस्तान्तरण

## मिति: २२ जनवरी २०२४ मा गैरआवासीय नेपाली नागरिकता,मताधिकारको बारेमा प्रमुख ६ राजनीतिक दलहरूबीच विशेष अन्तरक्रिया :

अन्तरक्रिया कार्यक्रममा नेकपा (एमाले)का उपाध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री विष्णु पौडेल, नेपाली कांग्रेसका सांसद शंकर भण्डारी, नेकपा (एमाले)का सचेतक महेश बर्तौला, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनीष झा र गणेश पराजुली, नेकपा (एकीकृत समाजवादी)का सांसद तथा पूर्वमन्त्री राजेन्द्र पाण्डे, नेकपा (माओवादी केन्द्र)का सांसद माधव सापकोटा, राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद तथा पूर्वमन्त्री ध्रुवबहादुर प्रधान, संविधानसभा सदस्यहरू खिमलाल देवकोटा (माओवादी केन्द्र), राधेश्याम अधिकारी (नेपाली कांग्रेस), एकीकृत समाजवादीकी सचिव तथा पूर्वमन्त्री रामकुमारी झाँक्री, संघका संस्थापक महासचिव भीम उदास लगायतको उपस्थिति थियो ।

## विषय उठान:

१. प्रत्येक १० बर्षमा हुनु पर्ने संस्थाको नविकरण यो निर्वाचन प्रकृया अगावै सम्पूर्ण कागजात - शुल्क सहित नविकरणको लागी पेश भएको, बारम्बार नविकरणको लागी पत्राचार हुंदा समेत नविकरण रोक्नु सर्बथा प्रतिशोध पूर्ण र एक कानूनी राज्यको उपहास भएकोले तत्कालै एनआरएन संस्था नविकरणको लागी परराष्ट्र मन्त्रालयले नविकरण गरिदिन यो बैठक र यसमा सहभागी सबै नेतागणको ऐक्यबद्धता रह्यो ।

२. संविधान प्रदत्त गैरआवासीय नेपाली नागरीकता प्राप्ती पश्चात एनआरएन समुदायले भोगी रहेको समस्या प्रति सरकारले तत्कालको लागी क्याबिनेट स्तरीय निर्णय गरी सरोकारवाला मन्त्रालय तथा निकायहरुलाई निर्देशनात्मक पत्राचार गरोस । दिर्घकालिन रुपमा परराष्ट्र मन्त्रालयले नियतबस ढिलाई गरिरहेको एनआरएन ऐन यसै विधेयक अधिवेशनमा शिघ्र ल्याईयोस भन्ने प्रस्ताव समेत पास गर्यो ।

३. सरकार र सत्तापक्षिय दल र यस्का सिमित नेताहरुको स्वार्थमा यो संजाल तहस-नहस बनाईने जुन प्रपञ्च चलि रहेको छ - यसको जोडदार निन्दा गर्दै स्वायत्त र स्वतन्त्ररुपमा यसको उद्धेश्य अनुरुप एनआरएन चल्न अधिवेशनले निर्वाचित कमिटीलाई बिना कुनै रोकावट काम गर्न दिईनु पर्ने सवालमा बैठक एकमत भयो भने नेताहरुले आ-आफ्नो दलका शिर्ष नेताहरू र गठबन्धनमा समेत बिषय उठान गर्ने प्रतिबद्धता जनाउनु भयो ।



# अनुसुची १



# 24/7 HOTLINE SERVICE

## सम्पूर्ण गैरआवासीय नेपाली मित्रहरु

गैरआवासीय नेपाली संघको एक महत्वपूर्ण अभियान 'एक पटकको नेपाली सधैंको नेपाली' भन्ने भावना अनुरुप नेपालको संविधानले प्रदत्त गरेको संवैधानिक अधिकार 'गैरआवासीय नेपाली नागरिकता' गत महिनादेखि लागू भएको सर्वविधितै छ । गैरआवासीय नेपाली नागरिकता लिने र नागरिकता लिएपछि पनि त्यसको प्रयोग गर्ने क्रममा कतिपय स्थानमा कागजातको बुझाईका कारण समस्या पर्न सक्छ । त्यस्ता समस्या समाधानका लागि गैरआवासीय नेपाली संघले सहजीकरण गर्ने गरी विशेष व्यवस्था गरेको छ । यदि त्यस्तो केही समस्या परेमा वा सुझाव, सल्लाह र सहयोग आवश्यक परेमा निम्न व्यक्तिलाई सम्पर्क गर्नुहुन वा गैरआवासीय नेपाली संघको केन्द्रीय कार्यालय काठमाडौंमा सिधैं सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।


यहांहरुलाई कुनै स्थानमा असहजता भए तत्कालै सम्बोधन गर्नुपर्ने भए
कृपया निम्न फोन नंम्बरहरुमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ:

| रामशरण सिमखडा | डा मुकुन्द बास्तोला | सरोज दाहाल | कुनाल मिश्र |
|---|---|---|---|
| +447950435065 | +447412617079 | +9779851085185 | +0923458204 |

अन्यथा info@nrna.org मा ईमेल गर्नु हुन समेत अनुरोध गरिन्छ।

## एनआरएन कल्याण विभाग
गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद

# अनुसुची २



गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद
एनआरएन कल्याण विभाग

# एनआरएन नागरिकता
# केही प्रश्न, केही उत्तर

FAQs ?

NON-RESIDENT NEPALI ASSOCIATION (NRNA)

# धन्यवाद



**रामशरण सिमखडा**
विभाग प्रमुख
**एनआरएन कल्याण विभाग**